# नेपाली कविताको विकासक्रमको अध्ययन

**(१) कविताको परिचय**

कविता साहित्यको एक सशक्त विधा हो । ‘कवि’ आधारपदमा ‘ता’ प्रत्यय लागेर कविता शब्दको निर्माण भएको हो । कविता शब्दले कवि द्धारा रचित वा कविको कर्म भन्ने अर्थ वहन गर्दछ । लोकजीवन सँग सम्बन्धित लोकगीत कविताको पूर्वरुप भएको कुरामा विश्लेषकहरु सहमत देखिन्छन् । पूर्वीय साहित्य जगत्मा ऋग्वेद, महाभारत र रामायण तथा पश्चिममा इलियड र ओडेसी कविताका वृहत् आकारका कृतिहरु हुन् । प्राचीनकालमा साहित्य भन्ने बितिकै काव्यलाई जनाएतापनि आधुनिक साहित्यमा काव्यले गधयात्मक वा पधयात्मक कृतिलाई जनाउँछ ।

मानव समाज र सभ्यताको आरम्भसँगै कविता विधाको जन्म र विकास हुदै आएको हो । आजको समयमा कविता विधालाई हेर्ने दृष्टिकोणमा धैरै विकास भइसकेको पाइन्छ । पूर्वमा आचार्य भामहदेखि जगन्नाथ र पश्चिममा अरिस्टोटलदेखि आइ.ए. रिचर्डस सम्मका विद्धान हरुले विभिन्न तरिकाले कवितालाई परिभाषित गर्ने जमर्को गरेका छन् । परिभाषाहरुमा अनेक मत भएपनि कवितामा कला र भाव मुख्य दुई पक्ष रहने कुरालाई सबैले स्वीकारेका छन् । कला कविताको बाहय संरचनासँग सम्बन्धित छ भने भाव आन्तरिक पक्षसँग । यी दुई पक्षको संयोजनबाट नै एउटा कविता तयार हुन्छ ।

**२. नेपाली कविताको विकासक्रम**

नेपाली कविता लेखनको सुरुवात पृथ्वीनारायण शाहको नेपाल एकीकरणसँगै भएको पाइए पनि नेपाली भाषाले लेख्यरुप पाउनुभन्दा अघि प्रचलित लोकगीत, लोकगाथा, भजन, बालुन आदि नै कविताको प्रारुप थियो । लोकजीवनमा प्रचलित लोकगीत, लोकगाथा गाउने र मनोरञ्जन गर्ने प्रचलनले नेपाली कविताको विकासमा मद्दत पु-याएको हो । नेपाल एकीकरणसँगै रघुनाथ भाट, सुवानानन्द दास आदिबाट नेपाली कविता लेखन थालिएको हो । नेपाली वाङ्मयको विकास अठारौं शताब्दीदेखि हुन थालेको हो । तत्कालीन कविहरु लोकपरम्परा बाट बढी प्रभावित भएको पाइन्छ ।

नेपाली भाषामा फेला परेको अहिलेसम्मको पुरानो कविता कवि सुवानन्द दासको ‘पृथ्वीनारायण’ हो । वीरगाथामा आधरित यो कविता वि.सं. १८२५ तिर रचना गरिएको मानिन्छ । सुवानन्द दासबाट थालिएको नेपाली कविताको विकासक्रमलाई बिद्धान हरुले मुख्यतः तीन कालमा विभाजन गरेका छन् ।

**१. प्राथमिक काल – वि.सं. १८२५ देखि १९४० सम्म**

**२. माध्यमिक काल – वि.सं. १९४१ देखि १९७४ सम्म**

**३. आधुनिक काल – वि.सं. १९७५ देखि हालसम्म**

**१. प्राथमिक काल – वि.सं. १८२५ देखि १९४० सम्म**

नेपाली कविताको प्राथमिक काल पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान सँगै थालिएको हो । पृथ्वीनारायण शाहले देखाएको वीरताको गुणगान गाउँदै कवि सुवानन्द दासले लेखेको 'पृथ्वीनारायण' कविता नै नेपालीमा लेखिएको पहिलो कविता हुन पुग्यो भने शक्तिवल्लभ अज्र्याल, उदयानन्द अज्र्याल आदिले पनि सुवानन्द दासकै प्रवृति लाई पछ्याए । प्राथमिक काल मोतीराम भट्टको उदय हुनुपूर्वसम्म विस्तारित रहेको पाइन्छ । यस कालमा सुन्दरानन्द बाँडा, राधावल्लभ अज्र्याल, गुमानी पन्त, वीरशाली पन्त, वसन्त शर्मा, हीनव्याकरणी विद्यापति, रघुनाथ पोख्रेल, रामभद्र पाध्या, भानुभक्त आचार्य, पतञ्जली गुज्रयाल आदि कविहरुको उदय भएको पाइन्छ । प्राथमिक काललाई पनि दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

(क) वीरधारा काल

(ख) भक्तिधारा काल

**(क) वीरधारा काल (वि.सं.१८२५–१८७१)**

नेपाली कविताको इतिहासको आरम्भमा वीरतापूर्ण भाव भएका वीर रसयुक्त कविता लेखिए । तत्कालीन परिवेशको प्रभाव नै यसको कारण थियो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान चलाएको समयमा त्यस कार्यमा भाग लिने सैन्यहरुको आत्मबल बढाउन एवं पृथ्वीनारायण शाहको प्रशंसा गरी केही प्राप्त गर्न पनि तत्कालीन कविहरुले वीर भावका कविता रचना गरेको पाइन्छ । वीरधाराकाल वि.सं. १८२५ देखि अंग्रेजसँगको सुगौली सन्धिकाल वि.सं.१८७१ सम्म रहेको छ । सुवानन्द दासको 'पृथ्वीनारायण' कवितासँगै आरम्भ भएको यस धाराका अन्य कवि तथा कविताहरुमा शक्तिवल्लभ अज्र्यालको 'तनहूँ भकुण्डो', उदयानन्दको 'पुरानु बातको अर्जी', अज्ञात कविको 'साँढ्याको कवित्', सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्य गाथा', यदुनाथ पोखरेलको 'गोर्षा सेना वर्णन', गुमानी पन्तको 'धन्य गोरखाली राजा', रामचन्द्र पाध्याको लक्ष्मी धर्म सम्वाद आदि रचनाहरु उल्लेखनीय छन् । यस धाराका कविताहरुमा युद्धको वर्णनका साथै राष्ट्रिय एकता र राष्टप्रेम झल्किएको पाइन्छ । कवितात्मक अभिव्यक्तितर्फ उन्मुख मौलिकताको स्पर्श गर्ने कोसिस यस कालका कविताका

मुख्य प्रवृतिहरु हुन् । यस समयमा फुटकर कविताको साथै खण्डकाव्य र महाकाव्यकै स्तरमा कविता रचना भएको पाइन्छ ।

**(ख) भक्तिधारा काल (वि.सं.१८७२–१९४०)**

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानको क्रममा वीरवन्दनाका कविताहरु लेखिए भने नेपाल अंग्रेजको युद्धपछि भएको सुगौली सन्धिबाट भक्तिधारामा आधारित कविताहरु लेखिन थाले । युद्ध र सन्धिले ल्याएको नैराश्यता र पीडाको अभिव्यक्ति स्वरुप ईश्वर प्रति भक्तिभाव देखाउने कविता सिर्जना गर्न थालियो । धार्मिक ग्रन्थहरु जस्तै पुराण आदि कविता सिर्जनाका आधार स्रोतहरु हुन पुगे । ईश्वरको साकार र निराकार दुवै रुपको वर्णन, भाषा परिष्कारमा अभाव, लोकछन्द र शास्त्रीय छन्दमा कविता सिर्जित कविताहरु भक्तिधाराकालका कविताका विशेषताहरु हुन् ।

भक्तिधाराकाललाई पनि तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

१. *कृष्णभक्तिधारा*
२. *रामभक्तिधारा*
३. *निर्गुण भक्तिधारा*

**१. कृष्ण भक्तिधारा**

कृष्ण भक्तिधाराका कविहरुले 'कृष्ण'लाई आधार मानेर कविताको सिर्जना गरेका छन् । श्रीकृष्णको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरु यस धाराअन्तर्गत पर्दछन् । यस कालमा कृष्णभक्तिलाई कवितात्मक अभिव्यक्ति दिने कविहरु इन्दिरस, बिध्यार्ण केशरी अर्ज्याल, वसन्त शर्मा लुइटेल, वीरशाली पन्त, यदुनाथ पोखरेल, हीनव्याकरणी बिध्यापति , पतञ्जली गुज्रयाल आदि हुन् ।

यस धाराका प्रमुख तथा केन्द्रीय प्रतिभा वसन्त शर्मा लुइटेल हुन्। यस धारामा इन्दिरसको गोपीको स्तुति (१८८४), बिध्यारण्य केशरी अर्यालको 'युगगीत', वसन्त शर्मा लुइटेलको श्रीकृष्ण चरित्र (१८८२) र समुद्र लहरी (१९०१), वीरशाली पन्तको 'विमलबोधानुभव', यदुनाथ पोखऱयालको 'कृष्णचरित्र', हीनव्याकरणी बिध्यापतिको 'गीत वाणी' (१८८८), 'गीत गोविन्द' (१८८८), पतञ्जली गुज्रयाल को हरिभक्तमाला, जैमिनी भारत आदि कविता कृतिहरु प्रख्यात छन् ।

**२. रामभक्तिधारा**

श्रीरामको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरु यस धाराअन्तर्गत पर्दछन् । रामभक्ति धाराका केन्द्रीय कविका रुपमा भानुभक्त आचार्यलाई लिइन्छ । उनले संस्कृत भाषामा लिखित 'रामायण' को नेपाली भाषामा अनुवाद

गरेका थिए । नेपाली भाषामा लेखिएको रामायण नेपालीको पहिलो महाकाव्य पनि हो । अनुवाद र मौलिकताको दोसाँधमा रहेपनि रामायणले नेपाली कविता साहित्यमा विशिष्ट स्थान राखेको छ । यसको साथै आचार्यका भक्तमाला (१९१०), प्रश्नोत्तर (१९१०), रामगीता (१९२५) आदि कृतिहरु छन् । यस भक्तिधाराका अर्का सशक्त कवि रघुनाथ पोखरयाल हुन् । यिनले रचना गरेको 'सुन्दरकाण्ड' मा रामभक्तिको उत्कृष्ट नमूना पेश गरेका छन् ।

### ३. निर्गुण भक्तिधारा

नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा पनि महत्वपूर्ण धारा हो । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । निर्गुण भक्तिधाराका कविहरुले अदृश्य शक्तिमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा ज्ञानदिलदास हुन् भने अन्य कविहरुमा शशिधर, अगमदिलदास, अखण्डदिलदास आदि पर्दछन् ।
सन्त ज्ञानदिलदासले 'उदयलहरी'(१९३४), 'झ्याउरे', 'टुङ्ना भजन' आदि कृतिहरु रचना गरेको पाइन्छ । 'झ्याउरे भजन' मा उनले लेखेका छन् –

*यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन*
*धर्म र कर्म गुरुङले ग-यो छक् प-यो बाहुन ।*

यस्तै शशीधरको 'वैराग्याम्बर', अगमदिलदासको 'सोह्र निर्गुण कविता', अखण्डदिलदासको 'पाँच निर्गुण भजन' आदि यस धाराका अन्य रचनाहरु हुन् ।

### नेपाली कविताको प्राथमिक कालका प्रमुख विशेषता

- *लेख्य कविताको प्रारम्भिक प्रयास लेख्य युगको थालनी,*
-*वीर र भक्ति रसका कविताहरुको रचना*
-*तत्कालीन शासकका वीरताको स्तुति,*
-*संस्कृत साहित्यलाई मूल आधार मानेर नेपालीमा कविता सिर्जना,*
-*पुराण, धर्मशास्त्र, पूर्वीय दर्शनलाई आधार बनाई पर्याप्त अनुवाद र रुपान्तरण,*
-*अनुवाद रुपान्तरणका माझबाट मौलिकतातिर उन्मुख*
-*ईश्वरका साकार र निराकार रुपको कवितात्मक वर्णन,*
-*सचेतताका साथ साहित्यिक वातावरण निर्माण नहुँदा नहुँदै पनि कविता लेखन,*
-*वीरता र भक्तिका गाथा गाउँदै विशिष्ट काव्य शैलीको निर्माण गर्नेतिर प्रवृत ,*

*-लोकलय र शास्त्रीय छन्दको प्रयोग,*

*-हिन्दी, ब्रज, मैथिली मिश्रित टुटेफुटेको नेपाली भाषाको प्रयोग ।*

## २. माध्यमिक काल – वि.सं. १९४१ देखि १९७४ सम्म

नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी वि.सं. १९४१ मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काल लाई लेखोटको काल भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ । वि.सं.१९४१ मा मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । यस कालमा श्रृङ्गारिक कविता रचिएको पाइन्छ । नेपालको इतिहासमा तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए ।

समस्या पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने मोतीरामको योगदान उल्लेखनीय रह्यो । उनको पिकदूत, कमल–भ्रमर संवाद, भ्रमर गीत आदि प्रमुख छन् । यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ । माध्यमिक कालको अवधि वि.सं.१९४१ देखि वि.सं.१९७४ रहेको पाइन्छ ।

माध्यमिक काललाई वि.सं. १९४१ देखि वि.सं.१९६० सम्मको अवधि लाई पूर्वार्ध र वि.सं. १९६१ देखि १९७४ सम्मको अवधिलाई उत्तरार्ध कालको रुपमा वर्गीकरण गरिन्छ । पूर्वार्ध कालमा मोतीराम भट्ट र उत्तरार्ध कालमा शम्भूप्रसाद ढुङ्गेल प्रमुख व्यक्तिको रुपमा चिनिन्छन् । शम्भूप्रसाद ढुङ्गेल पनि श्रृङ्गारिक कविकै रुपमा कहलिए । उनको 'शंभोजनमाला' र 'वेश्यावर्णन' जस्ता श्रृङ्गारिक रचना प्राप्त छन् । यस कालका अर्को प्रतिभा लक्ष्मीदत्त पन्त हुन् । यिनले पत्रपत्रिकामा कविता, गजल आदि प्रकाशन गरेको पाइन्छ ।

यस्तै माध्यमिक कालका अन्य कविहरु गोपीनाथ लोहनीको 'संगीतचन्द्रोदय', 'गफाष्टक', तेजबहादुर रानाको 'श्लोकसंग्रह', आदि कृतिहरु उल्लेख्य छन् । यस कालका अन्य प्रतिभाहरु नरदेव पाण्डे, तीर्थराज पाण्डे उल्लेख्य मानिन्छन् । त्यसबाहेक शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, पहलमानसिंह स्वाँर, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी, शम्भूप्रसाद ढुङ्गेल आदिले माध्यमिक कालीन कवितालाई उर्वर पारेको पाइन्छ ।

यसरी माध्यमिक कालमा श्रृङ्गारिक धाराकै बाहुल्य रहेको पाइन्छ । यसका केन्द्रीय व्यक्ति मोतीराम भट्टले कविमण्डलीकै गठन गरेर कविताको विकासमा मद्दत पु-याएका छन् ।

जीवनी लेखन, समालोचना गर्ने प्रक्रिया, समस्या पूर्तिमा आधारित कविता लेखन आदि यही कालमा थालनी भएको पाइन्छ ।

**नेपाली कविताको माध्यमिक कालका प्रमुख विशेषताहरु**

*- सामूहिक रुपमा कविता लेख्ने कार्यको थालनी*
*- संस्कृतबाट अनुवाद गर्ने कार्यको निरन्तरता,*
*- मुख्य रुपमा श्रृङ्गारिक भाव र गौण रुपमा नैतिक, औपदेशिक तथा भक्तिभाव रहेको,*
*- वर्णनात्मकताको आधिक्य,*
*- तुकबन्दी, शाब्दिक आवृति तथा अन्त्यानुप्रासमा बढी जोड,*
*- परिष्कारतर्फ सामान्य चेष्टा,*
*- संस्कृत, हिन्दी, उर्दू, फारसी आदि मिश्रित भाषाको प्रयोग बाहुल्य,*
*- आंशिक रुपमा देशप्रेम र जातीय गौरव गान एवं ईश्वर भक्ति,*
*- पारस्परिक, व्यक्तिगत, जातिगत आलोचना, प्रशंसा र गुणगान,*
*- कवितात्मक अभिव्यक्तिमा सामूहिक सहभागिता,*
*- युगीन परिवेशको व्यङ्ग्यात्मक प्रस्तुतिमा रुचि ।*

**३. आधुनिक काल – वि.सं. १९७५ देखि हालसम्म**

नेपाली कविता परम्परामा सूक्तिसिन्धु ( वि. सं १९७४) को प्रकाशन साललाई माध्यमिक कालको अन्त्य मानिँदै वि.सं. १९७५ देखि नेपाली कविताको आधुनिक काल प्रारम्भ भएको मानिन्छ। अर्थात् लेखनाथ पौड्यालको कविता यात्रा सँग-सँगै नेपाली कविता परम्परामा आधुनिक कालको प्रारम्भ हुन्छ। आधुनिक नेपाली कविताको प्रवर्तन शास्त्रीयतावादी धारावाट भएको देखिन्छ र यसका प्रारम्भिक कविका रूपमा लेखनाथ पौढ्याललाई मान्न सकिन्छ। किनभने तिनले नै यस धाराको प्रवर्तन गरेका थिए। नेपाली कविताको आधुनिक कालमा कविताको नीतिशिक्षामूलक, ज्ञान दर्शन र गुणस्तरप्रतिको सचेतता राख्दै पूर्वीय तथा पाच्यात्य दर्शनबाट प्रभाव र प्रेरणा ग्रहण गरी संस्कृतिक पुनर्जागरणतर्फको यात्राको प्राम्भ भएको पाइन्छ। आधुनिक नेपाली कवितामा निम्नलिखित पाँच धाराहरु देखापरेका छन् !

१.शास्त्रीयतावादी धारा
२.स्वच्छन्दतावादी धारा
३.प्रगतिवादी धारा
४.प्रयोगवादी धारा
५.समसामयिक धारा

**१. शास्त्रीयतावादी धारा :**

शास्त्रीयतावादी धारालाई परिष्कारवादी धारा पनि भनिन्छ ! नेपाली साहित्यमा शास्त्रीयतावादी धाराका प्रवर्तक कवि लेखनाथ पौड्याल हुन् ! यस धारामा हलन्त लगाएर लेख्ने नियमलाई लेखनाथले तोड़ेका थिए ! प्रारम्भमा श्रृंगारिक धाराका कविता लेखनतर्फ लागे पनि लेखनाथ माध्यमिक कालीन श्रृंगारिक धारावाट नेपाली कवितालाई मुक्त गर्दै शास्त्रीयतावादी धाराको प्रवर्तन गर्दै आघि बड़े हुन् ! लेखनाथ पौड्यालको " ऋतुविचार " ,बुद्धिविनोद, सत्यकलिसम्वाद, आदि कृतिका माध्यमवाट शास्त्रीयतावादी काव्यधाराको प्रवर्तन भयो !

शास्त्रीयतावादी धाराको प्रारम्भ पछि नेपाली कवितामा श्रृंगारिक प्रवृतिको अन्तय भयो ! नैतिक मुल्य र मान्यताको स्थापना साथै समाजिकताको आलोकनमा कविता लेख्न प्रारम्भ भयो ! भौतिकवादको विरोध र आध्यात्मिक चेतनाको शंखघोष गर्दै कवि शिरोमणि लेखनाथ पौडालले शास्त्रीयतावादी कविताको नेतृत्व गरे !

शास्त्रीयतावादी नेपाली कवितामा भाव र लयमा सन्तुलन तथा भाषा-शैली ,शिल्पमा संयम पाइन्छ ! यसैले शास्त्रीयतावादी ेपाली कविता हृदयग्राही छ ! शिल्पगत परिष्कार, परिमार्जित शैली ,सुललित पदावली ,लय र भावको समन्विति ,अंङ्कारमय प्रस्तुति आदिवाट लेखनाथ तथा बालकृष्ण समले नेपाली शास्त्रीयतावादी कवितामा नयाँ वान्की दिए ! लेखनाथका कविता वर्णमात्रिक छन्दको माधुर्यका साथै प्रकृतिको सुन्दर वर्णनले पनि नेपाली शास्त्रीयतावादी कविताको मौलिक स्वरुपलाई झल्काएको छ !

शास्त्रीयतावादी धाराअन्तर्गत सामाजिक-सांस्कृतिक उद्बोधनका सथै समाजसुधार र नीति-चेतनाका सशक्त आवाजहरु पनि पाइन्छ ! लेखनाथवाट नेपाली कवितामा यसको सूत्रपात भयो र पछि धरणीधर कोइरालाले यही स्वरलाइ नवीनता प्रदान गरे !

शास्त्रीयतावादी धारामा बालकृष्ण समको प्रवेशपछि पश्चिमाली चिन्कतहरु पनि प्रवेश भयो ! वालकृष्ण समले निरीश्वर भौतिकवादी तथा आध्यात्मवादी चिन्तनलाई नेपाली कवितामा प्रस्तुत गरे ! बौद्धिक तथा तार्किक ढंगवाट नैतिक - आध्यात्मिक चेतलाई भाषिक परिष्कार र परिमार्जनका साथ प्रस्तुत गर्ने बालकृष्ण समले नेपाली शास्त्रीयतावादी कविताको अन्तर्वस्तुमा नवीनता दिए !

यस धारामा देखा परेका कविहरु हुन् १.शिरोमणि लेखनाथ पौड्याल २ बालकृष्ण सम ३.धरणीधर कोइराला ४.सम्भभक्त शर्मा सुवेदी ५.देवी दत्त पराजुली ६.प्रेमप्रसाद भट्टराई ७.बदरीनाथ भट्टराई ८.गुणराज उपाध्याय ९.भीमनिधि तिवारी १०.पारसमणि प्रधान !

**(२) स्वच्छन्दतावादी धारा (१९९१–२०१६)**

१९९१ देखि थालिएको नेपाली कविताको स्वच्छन्दतावादी धाराअन्तर्गत रही थुप्रै कविहरूले प्रतीकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका प्रशस्तै कविताहरू सिर्जना गरेका छन् ।

देवकोटाबाट थालिएर उनीसँगै अन्त्य भएको भनिने स्वच्छन्दतावादी कविता पछिल्लो समयमा पनि प्रशस्तै लेखिएका छन् । नेपाली कविताको स्वच्छन्दतावादी धाराअन्तर्गत रही कविता सिर्जना गरेको विवरणलाई हेर्दा नेपाली कविताको स्वच्छन्दतावादी धाराको समयावधिमा थुप्रै कविहरूले विभिन्न थप र ढाँचाका कविता लेखी नेपाली कविताको उन्नयन र विकासमा उल्लेख्य योगदान पु-याएको देखिन्छ । यस समयका सबैजसो कविका कवितालाई हेर्दा मानवीय प्रेमप्रणय, यौवनजन्य इच्छा, आकाङ्क्षा, समानता, स्वतन्त्रता, मातृत्व, आशा–निराशा, बिछोड, मिलन, छटपटी, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदिकै स्वच्छन्द अभिव्यक्ति पाइन्छ ।

**(३) प्रयोगवादी धारा (२०१७–२०३५)**

नेपाली कवितामा प्रयोगवादी धाराको थालनी २०१७ को राजनैतिक परिवर्तनपछि भएको हो । देवकोटाको अवसान र मोहन कोइरालाको आगमनसँगै थालिएको यस धाराका कविहरूले परिस्थितिजन्य कारणबाट उत्पन्न हीनता, कुण्ठा, असन्तुष्टि, उकुसमुकुस आदिलाई अमूर्त लेखनका माध्यमबाट दुरुह, क्लिष्ट, असम्प्रेषणीय ढङ्गले कवितात्मक प्रस्तुति गरेका छन् । जीवनलाई विसङ्गत, निस्सार, विशृङ्खल, शून्य, व्यर्थ ठान्ने यस धाराका कविहरूले अनेक बिम्ब, प्रतीक र मिथका साथै चेतन प्रवाह पद्धतिको प्रयोग गरी कवितालाई दुर्बोध्य तुल्याएका छन् । यस प्रवृति को अनुसरण गरी विभिन्न कविहरूले पनि कविता सिर्जना गरेको देखिन्छ ।

समग्रमा नेपाली कविताको प्रयोगवादी धाराको समयावधिमा लेखिएका कवितालाई हेर्दा प्रतीकात्मक र सूक्ष्म आख्यानात्मक संरचनायुक्त लामा कविताको सिर्जना, प्रतीकात्मक, अमूर्त, बौद्धिक, क्लिष्ट, दुर्बोध्य, दुरुह र जटिल अभिव्यक्ति, अतियथार्थवादी, प्रतीकवादी, अस्तित्ववादी–विसङ्गतिवादी चिन्तन, युगीन जनजीवनमा व्याप्त निस्सारता, अर्थहीनता, निराशा, सन्त्रास, संशय, कुण्ठा आदिको चित्रण, कथ्य र शिल्पगत नवीनता विशृङ्खल अनुभूतिको विस्तार, आनुप्रासिक र गधयात्मक शिथिलता एवं शुष्कता, परम्पराभन्दा भिन्न नवीन भाषिक विन्यासजस्ता प्रवृतिको प्रबलता भेटिन्छ । यसै समयमा यीभन्दा भिन्न प्रवृतिका स्वच्छन्दतावादी भावधारामा आधारित केही कविताहरू पनि लेखिएका छन् ।

**(४) समसामयिक धारा (२०३६ देखि यता)**

प्रयोगवादी क्लिष्टताका कारण कविता र पाठकका बीचको सम्बन्ध प्रायः विच्छेद भएका अवस्थामा २०३० को दशकदेखि विभिन्न कविहरूले सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन् । २०३६ सालमा भएको जनमत सङ्ग्रहको घोषणासँगै नेपाली कविता सडकमा ओर्लिन्छ र सडक कविता क्रान्तिका नामले अगाडि बढ्छ । यसरी २०३६ सालदेखि थालिएर अधावधि निरन्तर रहेको यस अवधिमा सडक कविता क्रान्ति, जनआन्दोलन

कविता, गणतान्त्रिक कविता आदि विभिन्न अभियानहरू पनि देखापरेका छन् । यस अवधिमा थुप्रै नेपाली कविहरूले कविता सिर्जना गरी नेपाली कवितामा उल्लेख्य योगदान पु-याएका छन् । नेपाली कविताको समसामयिक धारा पनि प्रवृतिगत भिन्नताका आधारमा पूर्वार्ध (२०३६–२०४६) र उत्तरार्ध (२०४६ देखि यता) गरी दुई चरणमा विभाजन गर्नुपर्ने अवस्था देखापरिसकेको छ । २०४६ सालअघिका कवितामा मूलतः तत्कालीन पञ्चायती व्यवस्थाका विकृति र विसङ्गतिको चित्रण पाइन्छ भने त्यसपछिका कवितामा प्रजातान्त्रिक व्यवस्थाभित्रका अव्यवस्था विकृति –विसङ्गति, नेताहरूका दुष्वृतिको चित्रण, सशस्त्र सङ्घर्षको समर्थन–विरोध एवं शान्तिको कामना, गणतन्त्र प्रतिको आस्था, विश्वास–अविश्वास, खबरदारी, वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण आदिको अभिव्यक्ति पाइन्छ । यी सबै खाले प्रवृति विभिन्न कविका कवितामा पनि फेला पर्छन् ।

**नेपाली कविताको आधुनिक कालका प्रमुख विशेषताहरु**

*-वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण*

*-वासुलभ प्रेमप्रणय, विरह, राष्ट्रप्रेम, प्रकृतिप्रेम, सुधारवादी मानवतावादी दृष्टि*

*- प्रगीतात्मक संरचनामा संरचित*

*- निम्नवर्गीय आर्थिक अभाव, दैनिक जीविकोपार्जनका समस्या, न्यूनतम आधारभूत*

*- देशप्रेम, मानवीयप्रेम, मानवतावादी चिन्तन, अन्याय–अत्याचार एवं यौन विकृति र यौन शोषणको विरोध*

*- धार्मिक मान्यता र पितृसत्तात्मक मानसिकताको विरोध*

*मानवीय,प्रेमप्रणय, यौवनजन्य,इच्छा, आकाङ्क्षा, समानता, स्वतन्त्रता, मातृत्व, आशानिराशा, बिछोड, मिलन, छटपटी, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदि कै स्वच्छन्द अभिव्यक्ति*